

# दोर्दी-१ जलविद्युत खबर

## डिस्याण्डरको निर्माण कार्य गरिँदै ।

माघ २०७५, अंक २७

### आयोजनाको हालको निर्माण अवस्था

दोर्दी–१ जलविद्युत आयोजनाको सुरुङ्ग निर्माण कार्य अन्तर्गत Inlet तर्फबाट ६१० मिटर सुरुङ्ग निर्माण कार्य सकिएको छ भने Outlet तर्फबाट पनि ३९० मिटर सुरुङ्ग निर्माण भइसकेको छ । यसरी, आयोजनाले माघ मसान्त सम्म Inlet र Outlet तर्फ गरी कुल १००० मिटर सुरुङ्ग निर्माण गरिसकेको छ । साथै, फाल्गुण मसान्त सम्ममा Inlet / Outlet दुवै तर्फबाट गरी सुरुङ्गको लम्बाई १२०० मिटर पुऱ्याउने लक्ष्यका साथ काम अघि बढिरहेको छ ।

यसका साथै Desander निर्माण कार्यको प्रगति २८ प्रतिशत पुगेको छ । आयोजना क्षेत्रमा बाँध निर्माणको लागि River Diversion को काम सकिएको छ भने Under sluice को Foundation सम्पन्न भई Second Level concerting को कार्य समेत सम्पन्न भइसकेको छ । त्यसैगरी, Penstock Pipe को Civil Foundation को कार्य पनि तीव्र गतिमा भइरहेको छ ।



सुरुङमा रक वोल्ट हाल्ने कार्य गरिँदै




सुरुङ खन्ने कार्यको मासिक प्रगति

आयोजनाको Hydromechanical कार्य अन्तर्गत हेडवर्क्सको सम्पूर्ण Mechanical Components हरुको Embedded Parts हरु Mega Hydro & Engineering Pvt. Ltd. को बुटवलस्थित कारखानामा तयार गरि सकिएको छ । निकट भविष्यमै गेट, पेनस्टक पाइप, डिस्याण्डर गेट आदिको निर्माण कार्य छिट्टै अघि बढ्नेछ । सम्पूर्ण Steel Plate नेपाल भित्रिए पश्चात् पेनस्टक पाईपको निर्माण तिव्र गतिमा हुनेछ । यस आयोजनाको अद्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण १२ मे.वा. को Updated IEE) मिति पौष १६, २०७५ मा स्वीकृत भइसकेको छ । त्यसैगरी, यस आयोजनाको पावरहाउस देखि किर्तिपुर सबस्टेसनसम्मको १३२ के.भी. Transmission Line को प्रारम्भिक वातावरणीय परीक्षण (IEE) कार्य अघि बढाउनका लागि उर्जा मन्त्रालयमा पेश गरिएको Terms of Reference (ToR) पनि मिति पौष ९, २०७५ मा स्वीकृत भइसकेको छ ।

आयोजनाको थप १.७ मे.वा. (क्षमता बृद्धि) को लागि नेपाल विद्युत प्राधिकरणसंग यसै पौष महिनामा Draft PPA मा हस्ताक्षर भइसकेको छ । फाल्गुण महिनाभित्र थप क्षमताको विद्युत खरिद सम्झौता सम्पन्न गर्ने कम्पनीले लक्ष्य लिएको छ ।

यस आयोजनाको Electromechanical कार्यका लागि B Fouress Pvt. Ltd. (BFL) सँग सम्झौता भइसकेको छ भने ठेकेदारबाट साइट निरीक्षण गरी Earth Mat का Design गर्नको लागि आवश्यक Soil Resistivity Test पनि सम्पन्न भइसकेको छ । यसका साथै आवश्यक Drawing विद्युतगृहका उपकरणहरुको Design कार्य भईरहेको छ ।

त्यस्तै, यस आयोजनाको Transmission Line को ठेकदार चयन गर्न प्राप्त प्राविधिक तथा आर्थिक बोलपत्रको मूल्याङ्कन कार्य सुरु भइसकेको छ ।



**डिस्याण्डरमा फलामे डण्डी बाँध्ने कार्य गरिँदै**

निकट भविष्यमा ठेकदारको चयन गर्न लक्ष यस कम्पनीले राखेको छ । दोर्दी-१ जलविद्युत आयोजनाको विद्युत राष्ट्रिय प्रसारण ग्रीडमा जोड्न आवश्यक नेपाल विद्युत प्राधिकरण अन्तर्गतको किर्तिपुर सबस्टेसनको निर्माण कार्य तीब्र गतिमा अघि बढिरहेको छ ।



**पेनस्टकको सिभिल कार्यको जगको कार्य गरिँदै**



**सुरुङ भित्रको सर्भेको कार्य गरिँदै**

सम्पादक : कृतिका भट्ट
दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड
त्रिपुरेश्वर, काठमाडौं
फोन न: ९७७-१-४२३२७५०
ईमेल: info@dordikhola.com.np
वेबसाइट: www.dordikhola.com.np